नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४६ | अङ्क ११ | साउन २०७९ | जुलाई-अगस्ट २०२२

## मौद्रिक नीति तर्जुमासम्बन्धी अन्तरक्रिया

# आर्थिक स्थायित्व नै मौद्रिक नीतिको प्राथमिकताः गभर्नर अधिकारी




गभर्नर महाप्रसाद अधिकारीले अर्थतन्त्रको स्थायित्वमा टेवा पुग्नेगरी आगामी मौद्रिक नीति तर्जुमा गरिने बताउनुभएको छ ।

मौद्रिक नीतिको तर्जुमाको सिलसिलामा नेपाल राष्ट्र बैंकद्वारा असार २० गते काठमाडौंमा आयोजित सरोकारवाला निकाय र संघ-संस्थाका प्रतिनिधिहरूसँगको अन्तरक्रियामा उहाँले यस्तो धारणा राख्नुभएको हो । उहाँले भन्नुभयो, "मुलुकको अर्थतन्त्रको वर्तमान अवस्थाप्रति हामी सबै जानकार छौं । हाम्रा सबैजसो परिसूचक नकारात्मक छन् । यसैलाई सम्बोधन गर्ने दिशामा आगामी मौद्रिक नीति केन्द्रित रहनेछ ।" राज्यका सबै निकाय र सरोकारवाला मिलेर अर्थतन्त्रलाई जोगाउनुपर्ने आवश्यकता रहेको धारणा गभर्नर अधिकारीले राख्नुभयो ।

मुलुकको अर्थतन्त्र आयातमुखी रहेको उल्लेख गर्दै उच्च आयातका कारण बाह्य क्षेत्र स्थायित्वमा दबाब परेको उहाँको भनाइ थियो । बाह्य क्षेत्रमा देखिएको दबाबलाई सम्बोधन गर्नेतर्फ आगामी मौद्रिक नीति केन्द्रित रहने गभर्नर अधिकारीले स्पष्ट पार्नुभयो । कार्यक्रममा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा.प्रकाशकुमार श्रेष्ठले मुलुकको वर्तमान समष्टिगत आर्थिक अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा अर्थ मन्त्रालयका सचिव मधुकुमार मरासिनी, डेपुटी गभर्नर बमबहादुर मिश्र, बैंकका सञ्चालयकद्वय चिन्तामणि शिवाकोटी र डा. शंकरप्रसाद आचार्य, बैंक तथा वित्तीय संस्थाका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, उद्योगी व्यवसायी, पर्यटन व्यवसायी, नेपाल धितोपत्र बोर्ड र बीमा समितिका प्रतिनिधिलगायतको सहभागिता थियो ।

सो अवसरमा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिबाट आन्तरिक उत्पादन बढाइ आयात प्रतिस्थापनमा टेवा पुग्ने क्षेत्रमा कर्जा लगानी विस्तार गर्नुपर्ने सुझाव प्राप्त भएको थियो । उत्पादनशील क्षेत्रमा जाने कर्जाको जोखिम व्यवस्थाको अनुपात घटाउनुपर्ने सुझाव उहाँहरूको थियो । यसै गरी, उद्योग, वाणिज्य र पर्यटन क्षेत्रसम्बद्ध संस्थाका प्रतिनिधिबाट कोभिड-१९ को सम्बोधन गर्न विगतमा अवलम्बन गरिएको कतिपय नीतिगत सहुलियतलाई निरन्तरता दिइनुपर्ने सुझाव दिइएको थियो । आर्थिक अनुसन्धान विभागका सहायक निर्देशक रेखा घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# गभर्नर अधिकारीद्वारा बीआईएसको ९२ औं वार्षिक बैठकमा सहभागिता



गभर्नर महाप्रसाद अधिकारी २०७९ असार ११ र १२ गते स्विट्जरल्याण्डको बासेलमा आयोजित The Bank for International Settlements (BIS) को ९२ औं वार्षिक वैठकमा सहभागी हुनुभयो । उक्त बैठकमा बीआईएसको सदस्य केन्द्रीय बैंकका गभर्नरहरूको सहभागिता थियो ।

बैठकको पहिलो दिन बीआईएसको फाइनान्सियल स्टयाब्लिटी इन्स्टिच्यूटले 'The Policy Approach to Climate-related Financial Risks' विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा जलवायु सम्बद्ध जोखिमलाई सही ढङ्गले व्यवस्थापन गर्न नसकेमा विभिन्न प्रकारका वित्तीय जोखिम बढ्ने भएकाले समग्र वित्तीय स्थायित्वलाई नै असर पुग्न सक्ने विषयमा छलफल भएको थियो ।

बैठकको दोस्रो दिन बीआईएसको वार्षिक प्रतिवेदन र वार्षिक आर्थिक प्रतिवेदन सार्वजनिक गरिएको थियो । यो वर्षको आर्थिक प्रतिवेदन सार्वजनिक गर्दै बीआईएसका महाप्रबन्धक अगस्टिन कार्स्टेन्सले पछिल्लो समयमा विश्वव्यापी रूपमा बढेको मुद्रास्फीतिका कारण संसारभरका केन्द्रीय बैंकलाई दबाब परिरहेको विश्लेषण गर्नुभयो । विगतका अनुभवबाट पाठ सिक्दै बढ्दो मुद्रास्फीतिलाई समयमै नियन्त्रण गर्नेगरी प्रभावकारी नीतिगत व्यवस्था अवलम्बन गर्न समेत केन्द्रीय बैंकहरूलाई उहाँले सुझाव दिनुभयो ।

बीआईएसको मौद्रिक तथा आर्थिक विभागका प्रमुख क्लाउडियो बोरियोले अहिलेको बढ्दो मुद्रास्फीति र बीआईएसको आर्थिक सल्लाहकार तथा अनुसन्धान प्रमुख ह्युङ सङ शिनले वर्तमान मौद्रिक व्यवस्थाको भविष्यका विषयमा विचार राख्नुभएको थियो ।

बैठकका क्रममा आयोजित 'Per Jacobsson Lecture Series' मा जर्मन अर्थशास्त्री तथा डच बुन्डेस बैंक र बीआईएस बोर्ड अफ डाइरेक्टर्सका पूर्व प्रमुख हेन्स वेडम्यानले 'A New Age of Uncertainty: Implications for Monetary Policy' विषयमा आफ्नो वार्ता प्रस्तुत गर्नुभएको थियो । उक्त प्रस्तुतिमा अर्थतन्त्रमा देखिएका अनिश्चितताले केन्द्रीय बैंकहरूको कार्यसम्पादनमा ल्याएका जटिलता र प्रभावबारे विश्लेषण गरिएको थियो । बीआईएसका महाप्रबन्धक अगस्टिन कार्स्टेन्सले नेतृत्व गर्नुभएको उक्त सत्रमा बैंक अफ जापानका गभर्नर हारुहिको कुरुदा, बैंक अफ स्पेनका गभर्नर पाब्लो हर्नान्डेज डे कोस, साउथ अफ्रिकन रिजर्व बैंकका गभर्नर लेसेत्जा ग्यान्यागो र स्विस नेसनल बैंकका गभर्नर थोमस जोर्डनले प्यानलिस्टका रूपमा आफ्नो धारणा राख्नुभएको थियो ।

बीआईएसको औपचारिक कार्यक्रम सुरु हुनुअघि गभर्नर महाप्रसाद अधिकारीले बीआईएस इनोभेसन हबका प्रमुख रस लेको र बीआईएस इनोभेसन हब स्विट्जरल्याण्ड केन्द्रका प्रमुख मोर्टेन बेकसँग केन्द्रीय बैंक विद्युतीय मुद्राका सम्बन्धमा भएका विभिन्न अध्ययन तथा विश्व अनुभवका बारेमा छलफल गर्नुभएको थियो । वार्षिक बैठकका क्रममा गभर्नर अधिकारीले भारतीय रिजर्व बैंकका गभर्नर शक्तिकान्त दास, सो ही बैंकका पूर्व गभर्नर उर्जित पटेलसहित विभिन्न केन्द्रीय बैंकका गभर्नरहरूसँग दुईपक्षीय छलफल गर्नुभएको थियो । बैठकमा बैंक सुपरिवेक्षण विभागका निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाको समेत सहभागिता थियो ।

बीआईएस एक अन्तर्राष्ट्रिय वित्तीय संस्था हो, जसले विश्वभरका केन्द्रीय बैंकबीचको समन्वय र नीतिगत प्रयासबाट मौद्रिक तथा वित्तीय स्थायित्व प्रवर्द्धनको निम्ति आवश्यक भूमिका निर्वाह गर्दछ । सन् १९३० मा स्थापित यस संस्थामा हाल ६३ वटा केन्द्रीय बैंकहरू सदस्य छन् । यसको मुख्यालय स्विट्जरल्याण्डको बासेलमा रहेको छ ।

# गभर्नर अधिकारीद्वारा पोखरा कार्यालयमा बीएसबीएसको शुभारम्भ



पोखरा कार्यालयमा बैंक नोट स्रेडिङ एण्ड ब्रिकेटिङ सिस्टम (बीएसबीएस) को औपचारिक शुभारम्भ भएको छ। असार १७ गते पोखरा कार्यालयमा आयोजित एक समारोहकाबीच गभर्नर महाप्रसाद अधिकारीले बीएसबीएसको शुभारम्भ गर्नुभयो ।

सो अवसरमा गभर्नर अधिकारीले नोट धुल्याउने कार्यलाई आधुनिकीकरण र यान्त्रिकीकरण गर्ने प्रयासस्वरूप बीएसबीएस प्रविधिको सुरुआत गरिएको जानकारी दिनुभयो । उक्त प्रविधिको प्रयोगसँगै सफा नोट नीतिको कार्यान्वयन र वातावरण प्रदुषणमा पनि टेवा पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

आगामी दिनमा नोट गन्ने तथा सफा र पुरानो नोट छुट्याउने कार्यलाई समेत प्रविधिमैत्री बनाउँदै लगिने जानकारी गभर्नर अधिकारीले दिनुभयो। कार्यक्रममा पोखरा कार्यालयका निर्देशक डा. रामशरण खरेलले बीएसबीएसको आवश्यकता र औचित्यबारे स्पष्ट पार्दै बैंक नोट व्यवस्थापनलाई प्रविधिमैत्री तुल्याउने सन्दर्भमा यो प्रयास महत्वपूर्ण रहेको धारणा राख्नुभयो ।

कार्यक्रममा पोखरा कार्यालयका कर्मचारी, बैक तथा वित्तीय संस्थाका प्रदेश प्रमुख र गण्डकी प्रदेशमा केन्द्रीय कार्यालय रहेका बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतलगायतको उपस्थिति थियो। पोखरा कार्यालयका उप-निर्देशक पुष्पा अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# लघुवित्त संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूसँग अन्तरक्रिया




लघुवित्त संस्था सुपरिवेक्षण विभागले असार ३ गते काठमाडौंमा लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूसँग कार्यशाला गोष्ठी आयोजना गर्‍यो ।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा विभागले उक्त गोष्ठी आयोजना गरेको हो। सो अवसरमा अधिकारीले गरिबी निवारणमा लघुवित्त वित्तीय संस्थाको भूमिका महत्वपूर्ण हुने धारणा राख्नुभयो। पछिल्लो समयमा लघुवित्त संस्थाहरू नाफामुखी देखिएको उल्लेख गर्दै गभर्नर अधिकारीले लक्षित वर्गभन्दा बाहिर नजाने गरी आफ्नो सेवा केन्द्रित गर्न सुझाव दिनुभयो। राष्ट्र बैंकबाट औंल्याइएका कैफियतहरू समयमै सुधार गर्न र नीतिगत व्यवस्था विपरीत कार्य नगर्नसमेत उहाँले निर्देशन दिनुभयो ।

डेपुटी गभर्नर नीलम ढुङ्गाना तिम्सिनाले हाल नेपालमा १८ प्रतिशत जनसंख्या गरिवीको रेखामुनि रहेको र २१ प्रतिशत जनसंख्या वित्तीय पहुँच बाहिर रहेको उल्लेख गर्दै गरिबी निवारण र वित्तीय पहुँच विस्तारलाई टेवा पुग्नेगरी सेवा प्रवाह गर्न लघुवित्त संस्थालाई आग्रह गर्नुभयो। यसै गरी, डेपुटी गभर्नर बमबहादुर मिश्रले नेपालको वित्तीय क्षेत्रमा लघुवित्त संस्थाको योगदानबारे चर्चा गर्दै तरलता सङ्कटको अवधिमा संयमित भएर सेवा प्रवाह गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रममा लघुवित्त संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक सुमनकुमार अधिकारीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो। कार्यक्रममा विभागका निर्देशक सृजना बास्तोलाले 'लघुवित्त क्षेत्रमा देखिएका कैफियत तथा समसामयिक विषय' र निर्देशक केशवबहादुर केसीले 'लघुवित्त संस्थाको समस्या तथा समाधानका उपायहरू' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभाग, लघुवित्त संस्था सुपरिवेक्षण विभागका अधिकारीहरूसँगै विभिन्न लघुवित्त संस्थाका प्रमुख कार्यकारी अधिकृतसहित ८० जनाको सहभागिता थियो। विभागका उप-निर्देशक चन्द्रमणि निरौलाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# गभर्नर अधिकारी र विश्व बैंक समूहका उच्च अधिकारीहरूबीच छलफल



गभर्नर महाप्रसाद अधिकारी र विश्व बैंक समूहका उच्च अधिकारीहरूबीच असार ६ गते गभर्नरको कार्यालयमा भेटवार्ता भयो । सो भेटमा कोभिड-१९ महामारीपछिको समष्टिगत आर्थिक एवम् वित्तीय अवस्था र मुलुकको आगामी आर्थिक कार्यदिशाका विषयमा छलफल भयो ।

सो भेटमा विश्व बैंक समूहका तर्फबाट प्रबन्ध निर्देशक Mari E. Pangestu ले नेतृत्व गर्नुभएको थियो । सो क्रममा नेपालको वित्तीय प्रणाली र राष्ट्र बैंकको क्षमता अभिवृद्धिमा विश्व बैंकबाट विगतदेखि प्राप्त हुँदै आएको सहयोग र आगामी दिनमा द्विपक्षीय सहकार्यको सम्भावनाका विषयमा समेत छलफल भएको थियो ।

भेटवार्ताका क्रममा प्रवन्ध निर्देशक Pangestu ले कोभिड-१९ ले पारेको समग्र प्रभाव, डिजिटल फाइनासिङ, वित्तीय समावेशिता र ग्राहक संरक्षणका विषयमा अन्य मुलुकको अनुभवसहितको धारणा राख्नुभएको थियो । सो अवसरमा गभर्नर अधिकारीले डिजिटल बैंकिङको प्रवर्द्धनमा बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्था र त्यसका उपलब्धिबारे जानकारी गराउँदै वातावरणमैत्री वित्तीय सेवाको निम्ति भएका पछिल्लो प्रयासका विषयमा धारणा राख्नुभयो । भेटका अवसरमा विश्व बैंक समूहका प्रबन्ध निर्देशक Mari E. Pangestu ले नेपालको आर्थिक वृद्धि र वित्तीय स्थायित्वको लागि अन्तर्राष्ट्रिय मुद्रा कोषसँग समन्वय गर्दै नेपाल राष्ट्र बैंकलाई आवश्यक सहयोग गर्न विश्व बैंक प्रतिबद्ध रहेको धारणा व्यक्त गर्नुभयो । साथै, विश्व बैंकबाट निकट भविष्यमा Financial Sector Assessment Program सञ्चालन गरिने जानकारीसमेत दिनुभयो ।

छलफलमा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनासहित बैंकका उच्च अधिकारीहरूको उपस्थिति थियो भने विश्व बैंकका तर्फबाट दक्षिण एसिया क्षेत्रका उपाध्यक्ष Hartwig Schafer, नेपालका कन्ट्री डाइरेक्टर Faris Hadad-Zervos, अपरेसन म्यानेजर Lada Strelkova, अन्तर्राष्ट्रिय वित्त निगमका आवासीय प्रतिनिधि Babacar Sedikh Faye लगायतका अधिकारीहरूको उपस्थिति थियो ।

# कानुन महाशाखाको अन्तरक्रिया कार्यक्रम




कानुन महाशाखाले असार १० गते वित्तीय सम्पत्तिको पुनर्संरचना तथा धितोपत्रीकरण (सेक्युरिटाइजेसन) सम्बन्धी कानुनको मस्यौदाउपर अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

का.मु. गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाको प्रमुख आतिथ्यमा महाशाखाले उक्त अन्तरक्रिया आयोजना गरेको हो । कार्यक्रममा का.मु. गभर्नर तिम्सिनाले वित्तीय संस्थाका निष्क्रिय कर्जा र समस्याग्रस्त संस्थाको सम्पत्तिको व्यवस्थापन गर्न सेकुरिटाइजेसन कम्पनी स्थापनाको निम्ति यससम्बन्धी कानुनको मस्यौदा तयार गरिएको धारणा राख्नुभयो । वित्तीय संस्थामा रहेका गैरबैंकिङ सम्पत्तिलाई अझ बढी तरल बनाउन र पुँजीलाई थप सबल तुल्याउन यस्तो कम्पनीको स्थापनाले सहयोग पुग्ने विश्वाससमेत उहाँले व्यक्त गर्नुभयो ।

सो अवसरमा कानुन महाशाखाका उप-निर्देशक रामशरण पोखरेलले वित्तीय सम्पत्तिको पुनर्संरचना तथा धितोपत्रीकरण गर्ने सम्बन्धमा बनेको विधेयकको मस्यौदामा केन्द्रित रहेर कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा नेपाल राष्ट्र बैंकका उच्च अधिकारीहरूसँगै अर्थ मन्त्रालय, कानुन मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, उद्योग विभाग, नेपाल कानुन आयोग, बैंक तथा वित्तीय संस्था, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघलगायतका संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

महाशाखाका निर्देशक थानेश्वर आचार्यले कार्यक्रमको औचित्यबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक रामेश्वर भण्डारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# भुक्तानी प्रणालीसम्बद्ध संस्थासँग अन्तरक्रिया




वित्तीय जानकारी इकाईले असार ६ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण र गो-एएमएल प्रणालीको सन्दर्भमा अन्तरक्रिया कार्यक्रम आयोजना ग¥यो ।

भुक्तानी सेवा प्रदायक र भुक्तानी प्रणाली सञ्चालक संस्थाका प्रतिनिधिको सहभागितामा इकाईले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा भुक्तानी प्रणाली विभाग, बैंक सुपरिवेक्षण विभाग, वित्तीय संस्था सुपरिवेक्षण विभाग, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग, अर्थ मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल दुरसञ्चार प्राधिकरण, नेपाल प्रहरी, नेपाल बैंकर्स संघलगायतका निकायका प्रतिनिधिको समेत सहभागिता थियो ।

सो अवसरमा भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले भुक्तानीसम्बन्धी कारोबार गर्ने संस्थाहरू 'फिनटेक' कम्पनी रहेको उल्लेख गर्दै ती संस्थाले सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित चुनौतीको समाधानका उपाय पनि प्रविधिकै माध्यमबाट खोज्नुपर्ने आवश्यकता औंल्याउनुभयो । वित्तीय जानकारी इकाईका प्रमुख दीर्घबहादुर रावलले वित्तीय क्षेत्रका सरोकारवाला निकायबीचको समन्वय र सहकार्यले मात्रै सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी नियन्त्रण गर्न सकिने धारणा राख्नुभयो ।

कार्यक्रममा बैंकका उप-निर्देशक डा. हरिकुमार नेपालले पारस्परिक मूल्याङ्कनको तयारीका सम्बन्धमा जानकारी दिनुभयो । इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठले 'AML/CFT Issues and Challenges in PSP/PSOs', भुक्तानी प्रणाली विभागका सहायक निर्देशक अस्मिता महतले 'सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी व्यवस्था' र इकाईका सहायक (सू.प्र.) विवेश पोखरेलले 'STR/SAR/TTR Reporting in goAML for PSP/PSOs' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । इकाईका उप-निर्देशक केशवप्रसाद रिमालले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक अमिष शर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सूचनाको हकसम्बन्धी अन्तरक्रिया

बैंक तथा वित्तीय संस्था नियमन विभागले असार २३ गते काठमाडौंमा बैंक तथा वित्तीय संस्थाका सूचना अधिकारीहरूसँग सूचनाको हकसम्बन्धी विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना ग¥यो । गभर्नर कार्यालयको समन्वयमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो ।




सो अवसरमा वरिष्ठ पत्रकार तारानाथ दाहालले सूचनाको हकको नीतिगत व्यवस्था र यसको प्रभावकारिताका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले सूचनाको हकसम्बन्धी व्यवस्थाको पृष्ठभूमि, अन्तर्राष्ट्रिय अभ्यास, नेपालमा सूचनाको हकसम्बन्धी संवैधानिक तथा कानुनी अभ्यास र यसको कार्यान्वयनका विविध पक्षबारे चर्चा गर्नुभयो । यसै गरी, नेपाल राष्ट्र बैंकका सूचना अधिकारी नारायणप्रसाद पोखेलले बैंक तथा वित्तीय संस्थाले सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्ने विषयका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले सूचनाको हकसम्बन्धी नीतिगत व्यवस्थाबमोजिम सार्वजनिक सरोकारका सूचना नियमित रुपमा प्रवाह गर्न बैंक तथा वित्तीय संस्थाका सूचना अधिकारीहरूलाई आग्रह गर्नुभयो । बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले सूचनाको हकसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयनप्रति बैंक तथा वित्तीय संस्थाको ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाका सूचना अधिकारीहरूको उपस्थिति थियो । सो अवसरमा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक किरण पण्डितले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने गभर्नरको कार्यालयका उप-निर्देशक डा. भागवत आचार्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# गभर्नरको कार्यालयद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना



गभर्नरको कार्यालयले २०७९ असार महिनामा तीन वटा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ । असार १ गते कायोजित कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक रामु पौडेलले 'External Sector Issues and Pressure on Foreign Exchange Reserve' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा कार्यकारी निर्देशक पौडेलले नेपालको बाह्य क्षेत्रको विद्यमान स्थिति, विदेशी विनिमय सञ्चितिको अवस्था, विभिन्न मुलुकको बाह्य क्षेत्र स्थायित्वको तुलनात्मक विवरण प्रस्तुत गर्नुभयो । साथै, उहाँले नेपालको आयात-निर्यातको अवस्था, नेपालको बाह्य क्षेत्र स्थायित्वमा देखिएको दबाब र यसलाई सम्बोधन गर्न अवलम्बन गर्नुपर्ने नीतिगत व्यवस्थाबारे चर्चा गर्नुभयो ।

यसै गरी, असार ८ गते आयोजित कार्यक्रममा टक्सार महाशाखाका निर्देशक विनोदराज आचार्यले 'टक्सार सम्बन्धमा आगामी परिकल्पना' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले नेपालमा टक्सारको पृष्ठभूमि, टक्सारमार्फत हुँदै आएका कार्य, टक्सार महाशाखाको विद्यमान संस्थागत र कार्यगत अवस्था, यसको कामकारबाहीमा देखिएका समस्या, चुनौती र आगामी दिनमा गर्नुपर्ने सुधारका पक्षबारे चर्चा गर्नुभयो ।

असार १५ गते आयोजित कार्यक्रममा अर्थशास्त्री डा. विश्वास गौचनले 'Macro Economic Outlook' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले नेपालको समष्टिगत आर्थिक अवस्थाको ऐतिहासिक पृष्ठभूमि, अर्थतन्त्रमा कोभिड-१९ को प्रभाव र पुनरुत्थानको अवस्था, समष्टिगत अर्थतन्त्रका चुनौतीका विविध पक्षबारे चर्चा गर्नुभयो ।

यसै गरी, अर्थशास्त्री गौचनले कुल गार्हस्थ्य उत्पादनसँग मुद्रा प्रदाय र निजी क्षेत्रमा प्रवाधिक कर्जाको अनुपातका सन्दर्भमा सार्क मुलुकको तुलनात्मक आँकडा, निजी क्षेत्रमा गएको कर्जाको प्रभाव, क्षेत्रगत कर्जाको विश्लेषण, बाह्य क्षेत्र स्थायित्वको अवस्था, सरकारद्वारा प्रस्तुत बजेटको प्रमुख विशेषताबारे जानकारी दिनुभएको थियो ।

# काँकरभिट्टामा विदेशी विनिमय कारोबारसम्बन्धी अन्तरक्रिया




विराटनगर कार्यालयले असार १० गते झापाको काँकरभिट्टामा 'विदेशी विनिमय कारोबार: विद्यमान नीतिगत व्यवस्था, समस्या तथा चुनौती' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

विराटनगर कार्यालयका निर्देशक मीना पाण्डेको अध्यक्षता र विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक रामु पौडलको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा विराटनगर कार्यालयको कार्यक्षेत्रअन्तर्गतका मनिचेञ्जर, होटेल, ट्रेकिङ कम्पनीका ७० जना प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रमको पहिलो सत्रमा निर्देशक पाण्डेले विदेशी विनिमय कारोबारको नीतिगत व्यवस्था र दोस्रो सत्रमा उप-निर्देशक मनोज गुरुङले विदेशी विनिमय कारोबार गर्ने संस्थाको वर्तमान स्थिति, समस्या तथा चुनौतीका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा सहभागी व्यवसायीबाट मनिचेञ्जर सञ्चालनमा देखिएका समस्या र नीतिगत व्यवस्थाका विषयमा जिज्ञासा राखिएको थियो । सो अवसरमा मेची मनिचेञ्जर व्यवसायी संघका अध्यक्ष विष्णुप्रसाद मैनालीले काँकरभिट्टा बजारमा हुने अवैध भारु कारोबारलाई नियन्त्रण गर्न स्थानीय प्रशासनले सहयोग नगरेको गुनासो राख्नुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक पौडेलले सहभागीबाट उठेका जिज्ञासाको जवाफ दिँदै सीमा क्षेत्रमा हुने अवैध भारु कारोबारलाई नियन्त्रण गर्ने सन्दर्भमा गृह मन्त्रालयसँग समेत छलफल भएको जानकारी दिनुभयो । साथै आगामी दिनमा औचित्य र आवश्यकताका आधारमा मात्रै नयाँ मनिचेञ्जर कम्पनीलाई इजाजत दिइने उहाँले स्पष्ट पार्नुभयो । विराटनगर कार्यालयका प्रधान सहायक सुरेश रेग्मीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# नेपालगञ्जमा नोट व्यवस्थापनसम्बन्धी गोष्ठी




नेपालगञ्ज कार्यालयले असार १७ गते 'नोटको चलनचल्ती व्यवस्थापन तथा शङ्कास्पद नोट पहिचान' विषयक गोष्ठी आयोजना गऱ्यो ।

नेपालगञ्ज कार्यालयका निर्देशक निभा श्रेष्ठको संयोजकत्वमा आयोजित गोष्ठीमा मुद्रा व्यवस्थापन विभागका निर्देशक अनुज दाहालले नोटको चलनचल्ती व्यवस्थापन, सफा नोट नीति तथा शङ्कास्पद नोट पहिचानका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा निर्देशक दाहालले शङ्कास्पद नोटको पहिचान गर्ने तरिका, नगद कारोबारमा हुनसक्ने जोखिमलगायतका विषयमा जानकारी दिनुभयो ।

गोष्ठीमा नेपालगञ्ज कार्यालयको कार्यक्षेत्रभित्र पर्ने नोटकोष रहेका बैंक, अन्य वाणिज्य बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिसहित ६० जनाको सहभागिता थियो । सो अवसरमा नेपालगञ्ज कार्यालयका का.मु.उप-निर्देशक भीमार्जुन शाहले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने प्रधान सहायक विष्णुबहादुर केसीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# महेन्द्रनगरमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया




धनगढी कार्यालयले असार १० गते कञ्चनपुरको महेन्द्रनगरमा सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

वित्तीय जानकारी इकाईको समन्वयमा कार्यालयले उक्त अन्तरक्रिया आयोजना गरेको हो । धनगढी कार्यालयका निर्देशक विनोदराज लेखकको अध्यक्षतामा आयोजित कार्यक्रममा सम्बद्ध सूचक संस्था, बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवाला निकायका ४० जना प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रममा वित्तीय जानकारी इकाईका निर्देशक दीर्घबहादुर रावलले 'AML-CFT General Overview' सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, इकाईका सहायक निर्देशक अमिश शर्माले 'FIU Nepal and goAML System' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

धनगढी कार्यालयका उप-निर्देशक राकेश प्रजापतिले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने प्रधान सहायक हरिलाल भट्टले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# बाजुरा र सुर्खेतमा तथ्याङ्कसम्बन्धी गोष्ठी


बाजुरा

धनगढी कार्यालयले असार ३ गते बाजुराको मार्तडीमा 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्या' विषयक गोष्ठी आयोजना गऱ्यो। गोष्ठीमा बाजुरास्थित सरकारी निकाय, बैंक तथा वित्तीय संस्था, होटल, उद्योग वाणिज्य संघका प्रतिनिधिको सहभागिता थियो।

सो अवसरमा धनगढी कार्यालयका उप-निर्देशक अबन्तिका रिमालले आर्थिक तथ्याङ्क सङ्कलनका विविध पक्षबारे कार्यपत्र प्रस्तुत गर्नुभयो। उहाँले तथ्याङ्कको महत्व र उपयोग, तथ्याङ्क सङ्कलनको प्रक्रिया, तथ्याङ्क सङ्कलनका क्रममा देखिने समस्या, सरोकारवाला निकायको भूमिकाबारे चर्चा गर्दै सुदूरपश्चिम प्रदेशको सामाजिक, आर्थिक तथा वित्तीय अवस्थाको सूचकाङ्कसँगै वित्तीय सेवाको पहुँचको अवस्थाबारे जानकारी दिनुभयो। धनगढी कार्यालयका निर्देशक विनोदराज लेखकले सहभागीका जिज्ञासाको जवाफ दिँदै समापन मन्तव्य राख्नुभयो। कार्यालयका सहायक निर्देशक प्रेम चन्द ठकुरीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे जानकारी दिनुभयो भने प्रधान सहायक रामकुमार चौधरीले कार्यक्रम सञ्चालन गर्नु भएको थियो।

यसै गरी, सुर्खेत कार्यालयले असार १७ गते वीरेन्द्रनगरमा 'आर्थिक तथ्याङ्कको महत्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्याहरू' विषयक गोष्ठी आयोजना गऱ्यो। सुर्खेत कार्यालयका प्रमुख विनय सिग्देलको अध्यक्षतामा आयोजित कार्यक्रममा सरकारी निकाय, बैंक तथा वित्तीय संस्था, सहकारी संस्थाका प्रतिनिधि, उद्योगी व्यवसायीलगायतको सहभागिता थियो।

सो अवसरमा आर्थिक अनुसन्धान विभागका निर्देशक लक्ष्मीप्रसाद प्रसाईले मुलुकको समष्टिगत आर्थिक परिसूचक, कर्णाली प्रदेशमा कृषि उत्पादनको अवस्था, वित्तीय सेवाको पहुँच, कर्जा तथा निक्षेपको अवस्थाबारे जानकारी दिँदै आर्थिक गतिविधि अध्ययनको औचित्य, अध्ययनमा समेटिने क्षेत्र, तथ्याङ्क उपलब्ध गराउने निकाय, अध्ययनका चुनौतीलगायतका विषयमा चर्चा गर्नुभयो।

यसै गरी, सुर्खेत कार्यालयका सहायकद्वय पंखप्रसाद आचार्य र समिर फयलले तथ्याङ्क सङ्कलनकाको औचित्य, यसमा समेटिने विषयवस्तु, तथ्याङ्कको ढाँचालगायतका विविध पक्षबारे प्रकाश पार्नुभएको थियो। कार्यक्रममा आर्थिक तथ्याङ्कको सङ्कलनमा देखिएका समस्याका विषयमा समेत सहभागीहरूबीच छलफल भएको थियो।

कार्यक्रममा सुर्खेत कार्यालयका प्रमुख सिग्देलले नियमित रूपमा आर्थिक तथ्याङ्क उपलब्ध गराइदिन सरोकारवाला निकायसँग आग्रह गर्नुभयो। सो अवसरमा कार्यालयका सहायक निर्देशक पूर्णबहादुर मौरातीले स्वागत मन्तव्य राख्नुभयो भने सहायक सुगम थापाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।


सुर्खेत

# धनगढी, पोखरा र जनकपुरमा समसामयिक विषयमा अन्तरक्रिया



धनगढी

धनगढी कार्यालयले असार ६ गते धनगढीमा आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीति र समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

धनगढी कार्यालयका निर्देशक विनोदराज लेखकको अध्यक्षतामा आयोजित कार्यक्रममा सुदूरपश्चिम प्रदेशस्थित वाणिज्य बैंकका प्रादेशिक प्रमुखहरूको सहभागिता थियो । सो अवसरमा कार्यालयका उप-निर्देशक अबन्तिका रिमालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो । साथै, उहाँले संघीय सरकार र सुदूरपश्चिम प्रदेश सरकारले ल्याएको बजेट र नीति तथा कार्यक्रमहरूको बारेमा समेत चर्चा गर्नुभयो । सो अवसरमा सहभागीका तर्फबाट वित्तीय क्षेत्रका समसामयिक समस्या र त्यसको समाधानका लागि अवलम्बन गर्नुपर्ने नीतिगत तथा व्यावहारिक सुझाव दिइएको थियो ।

धनगढी कार्यालयका निर्देशक विनोदराज लेखकले सहभागीले राखेका जिज्ञासाको जवाफ दिँदै समापन मन्तव्य राख्नुभयो भने प्रधान सहायक रामकुमार चौधरीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, पोखरा कार्यालयले असार २० गते बैंक तथा वित्तीय संस्था र विभिन्न सरकारी निकायबीचको कार्यसम्पादनका विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।



पोखरा

कार्यालयका निर्देशक डा. रामशरण खरेलको संयोजकत्वमा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाले ऋणीको अचल सम्पति तथा सवारी साधन रोक्का गर्ने क्रममा मालपोत, नापी र यातायात व्यवस्था कार्यालयले भोग्नुपरेका समस्याको विषयमा छलफल भएको थियो । सो अवसरमा निर्देशक खरेलले ऋणीहरूको सम्पति रोक्का, धितो फुकुवा र धितो लिलामी प्रक्रियामा नीतिगत द्विविधा भएमा त्यसको सहजीकरणका निम्ति राष्ट्र बैंक तयार रहेको जानकारी दिनु भयो ।

पोखरा कार्यालयका उप-निर्देशक प्रतिभा अधिकारीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, जनकपुर कार्यालयले असार २१ गते बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवाला निकायसँग समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो । कार्यालयका निर्देशक नीरा ताल्चाभडेलको अध्यक्षतामा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रदेश प्रमुख, शाखा प्रमुखसँगै अन्य सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो । सो अवसरमा कार्यालयका उप-निर्देशक अशोककुमार राईले स्वागत मन्तव्य राख्दै वित्तीय ग्राहक संरक्षण तथा गुनासो सुनुवाईका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, उप-निर्देशक अच्युतकुमार थापाले नोट सर्टिङ, नगद जम्मा, चेक भुक्तानी, क्रेडिट काउन्टिङलगायत नगदसम्बन्धी बैंकिङ कारोबारको सन्दर्भमा जानकारी दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले नगद कारोबार र व्यवस्थापनको सन्दर्भमा देखिएका समस्याबारे आ-आफ्नो धारणा राखेका थिए । कार्यक्रममा निर्देशक ताल्चाभडेलले समापन मन्तव्य राख्दै बैंक तथा वित्तीय संस्थाले सरल र छरितो ढङ्गले सेवा प्रवाह गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । प्रधान सहायक सुरेन्द्रकुमार साहले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।



जनकपुर

# बारा र डडेल्धुरामा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम



डडेल्धुरा

वीरगञ्ज कार्यालयले असार १७ गते बाराको कलैयास्थित श्री ३ चन्द्र माध्यमिक विद्यालयमा 'वित्तीय चेतना अभिवृद्धि कार्यक्रम' आयोजना गऱ्यो । कार्यक्रममा विद्यालयका शिक्षक र कक्षा १० का विद्यार्थीसहित सय जनाभन्दा बढीको सहभागिता थियो ।

वीरगञ्ज कार्यालयका निर्देशक राजनदेव भट्टराईको अध्यक्षतामा आयोजित कार्यक्रममा सहायक निर्देशक विवेककुमार साहले वित्तीय शिक्षाको महत्व, बचत तथा कर्जाको आधारभूत जानकारी, विप्रेषण, बीमा, आधुनिक बैंकिङ, भुक्तानीका साधन र सफा नोट नीतिलगायतका विषयमा वार्ता प्रस्तुत गर्नुभयो । कार्यक्रममा निर्देशक भट्टराई र सहायक निर्देशक साहले सेयर कारोबार, डिम्याट खाता, कर्जा र विभिन्न भुक्तानीका साधनलगायतका विषयमा सहभागीले राखेका जिज्ञासाको जवाफ दिनुभयो ।

सो अवसरमा निर्देशक भट्टराईले पछिल्लो समय वित्तीय चेतनासम्बन्धी विषयले प्राथमिकता पाएको उल्लेख गर्दै समाजिक सञ्जालमार्फत हाल भइरहेका ठगीका घटनाप्रति सचेत रहन सुझाव दिनुभयो । विद्यालयका प्रधानाध्यापक नागेन्द्र गिरीले कार्यक्रमको आयोजनाप्रति धन्यवाद दिनुभयो । सो अवसरमा वीरगञ्ज कार्यालयका उप-निर्देशक प्रियङ्का बस्न्यातले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक श्यामसुन्दर प्रसाद केशरीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, धनगढी कार्यालयले असार २२ गते डडेल्धुराको जोगबुढामा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो । स्थानीय सिद्धनाथ माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा कक्षा ९ र १० का १२० जना विद्यार्थीको सहभागिता थियो । सो अवसरमा धनगढी कार्यालयका उप-निर्देशक अबन्तिका रिमालले वित्तीय सेवाको आधारभूत परिचय, वित्तीय सेवा, पारिवारिक बजेट, बचत, कर्जा, लगानी, विप्रेषण, धितोपत्र, विदेशी विनिमय, बीमा, सफा नोट नीतिलगायतका विषयमा सहभागीलाई जानकारी दिनुभयो ।

कार्यक्रममा विद्यालयका प्राचार्य पदमराज जोशीले विद्यार्थीमा वित्तीय चेतनाको स्तर अभिवृद्धि गर्ने सन्दर्भमा यस्ता किसिमका कार्यक्रम महत्वपूर्ण हुने धारणा राख्नुभयो । धनगढी कार्यालयका निर्देशक विनोदराज लेखकले कार्यक्रममा सिकेका ज्ञानलाई परिवारका सदस्यसम्म पुऱ्याउन विद्यार्थीलाई सुझाव दिनुभयो । कार्यक्रममा सहायक निर्देशक प्रेम चन्द ठकुरीले स्वागत मन्तव्य राख्नुभयो भने प्रधान सहायक रामकुमार चौधरीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।




बारा

# गोरखामा 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम



गभर्नरको कार्यालयले असार १४ गते गोरखाको आहालेस्थित सरस्वती माध्यमिक विद्यालयमा 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक' कार्यक्रम आयोजना गर्‍यो ।

विद्यालयका प्रधानाध्यापक पुरुषोत्तमराज भट्टराईको सभापतित्वमा आयोजित कार्यक्रममा गभर्नरको कार्यालयका उप-निर्देशक डा. भागवत आचार्यले वित्तीय साक्षरताका विविध पक्षबारे चर्चा गर्नुभयो । त्यस क्रममा उहाँले वित्तीय साक्षरताको आवश्यकता, वित्तीय सेवाको आधारभूत परिचय, कर्जा र बचतको महत्व, उद्यमशीलता, विप्रेषण, सफा नोट नीति, विद्युतीय भुक्तानीका माध्यमलगायतका विषयमा विद्यार्थीलाई जानकारी दिनुभयो ।

सो अवसरमा लघुवित्त संस्था सुपरिवेक्षण विभागका सहायक निर्देशक रेशमबहादुर बल्छौडी, साधना लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत रेशम न्यौपानलेलगायतले नेपालमा वित्तीय साक्षरताको आवश्यकता र अन्य सन्दर्भबारे आ-आफ्नो धारणा राख्नुभएको थियो ।


कार्यक्रममा सहायक प्रधानाध्यापक राजन कट्टेलले स्वागत मन्तव्य राख्नुभयो भने गभर्नरको कार्यालयका प्रधान सहायक समिता श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना

गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागले असार ३ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो । सो अवसरमा विभागीय कार्यसम्पादनसँग सम्बन्धित दुई वटा विषयमा छलफल भयो ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक विमलराज खनालले विभागको कार्यसम्पादनका सिलसिलामा देखिएका समस्याबारे जानकारी दिन अनुरोध गर्दै आगामी दिनमा विभागीय कामकारबाहीलाई प्रभावकारी बनाउन कर्मचारीहरूलाई मार्गदर्शन प्रदान गर्नुभयो ।

कार्यक्रमको पहिलो चरणमा विप्रेषणसम्बन्धी कारोबार गर्ने कम्पनीको निरीक्षण तथा सुपरिवेक्षणको निम्ति तयार गरिएको चेकलिष्टको सन्दर्भमा विभागका कर्मचारीबाट राय/सुझाव लिइएको थियो । साथै, आगामी दिनमा विप्रेषक कम्पनीको निरीक्षण तथा सुपरिवेक्षण गर्दा अपनाइने प्रक्रियाको विषयमा समेत छलफल भएको थियो । विभागका उप-निर्देशक सचिनराज पियाले सबै संस्था/कम्पनीमा समान किसिमको कार्यविधिलाई कार्यान्वयनमा ल्याउनुपर्ने धारणा राख्नुभयो ।



कार्यक्रमको दोस्रो चरणमा सूचना प्रविधि विभागका उप-निर्देशक (सू.प्र.) अनिल प्रधान र सहायक (सू.प्र.) प्रवीण कँवरले New FXOL Software System का सन्दर्भमा संयुक्त प्रस्तुति दिनुभयो । कार्यक्रममा गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका कर्मचारीहरूको सहभागिता थियो । विभागका उप-निर्देशक विष्णुप्रसाद गुरागाईंले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# पोखरा, धनगढी र जनकपुरमा ज्ञान आदानप्रदान कार्यक्रम


पोखरा

पोखरा कार्यालयमा असार २ गते 'Regression in Time Series' विषयमा कर्मचारीहरूबीच ज्ञान आदानप्रदान कार्यक्रम आयोजना भयो । सो अवसरमा कार्यालयका सहायक निर्देशक ओमप्रकाश पोखेलले Regression को आधारभूत अवधारणा, यसको मान्यता, पद्धति, मोडलिङलगायतका विषयबारे जानकारी दिँदै आर्थिक अनुसन्धानमा यसको महत्वबारे चर्चा गर्नुभयो ।

निर्देशक डा. रामशरण खरेलको संयोजकत्वमा आयोजित कार्यक्रममा पोखरा कार्यालयका कर्मचारीहरूको उपस्थिति थियो ।

धनगढी कार्यालयले असार ६ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो । सो अवसरमा कार्यालयका सहायक निर्देशक भोला रावलले 'नेपालको वैदेशिक व्यापार: अवस्था र चुनौती' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

त्यस क्रममा उहाँले वैदेशिक व्यापारको पृष्ठभूमि, नेपालको वैदेशिक व्यापार र हालको अवस्था, वैदेशिक व्यापारका लाभ, नेपालको वैदेशिक व्यापारका चुनौती र वैदेशिक व्यापार प्रवर्द्धनका निम्ति चाल्नुपर्ने कदमका विषयमा चर्चा गर्नुभयो । कार्यक्रममा धनगढी कार्यालयका कर्मचारीहरूको सहभागिता थियो । कार्यालयका निर्देशक विनोदराज लेखकले समापन मन्तव्य राख्नुभयो भने प्रधान सहायक रामकुमार चौधरीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, जनकपुर कार्यालयले असार १३ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो । कार्यक्रममा कार्यालयका सहायक निर्देशक मुमिहाङ राईले 'Fundamentals of Electronic Government Procurement (e-GP) System' विषयमा प्रस्तुति दिनुभयो ।

उहाँले सो प्रणालीको परिचयसहित यसको प्राविधिक र विविध पक्षबारे जानकारी दिनुभयो । e-GP System को कानुनी पक्ष, राष्ट्रिय e-GP System र सरोकारवाला पक्ष, नेपाल राष्ट्र बैंकमा e-GP System का प्रयोगकर्ता, राष्ट्रिय e-GP System कार्यान्वयनका विभिन्न चरण, प्रयोगकर्ताको दर्ता, वार्षिक खरिद योजना तयारी र स्वीकृति तथा संशोधन प्रक्रिया, बोलपत्र कागजात तयारीलगायतका सन्दर्भमा जानकारी दिनुभयो ।


धनगढी

सो अवसरमा जनकपुर कार्यालयका निर्देशक नीरा ताल्चाभडेलले उक्त प्रणाली प्रविधिमैत्री रहेको उल्लेख गर्दै बोलपत्रसम्बन्धी प्रक्रियालाई सुरक्षित र छरितो तुल्याउन सहज हुने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो । सहायक निर्देशक राधेश्याम साहले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।


जनकपुर

# केन्द्रद्वारा कार्यशाला/तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले २०७९ असार महिनामा दुई वटा कार्यशाला तथा तालिम सम्पन्न गरेको छ। यस क्रममा केन्द्रले जेठ ३० देखि असार ६ गतेसम्म काठमाडौंमा 'Macroeconomic Modeling and Forecasting Framework' विषयक कार्यशाला सञ्चालन गऱ्यो। १४ वटा सेसनमा सञ्चालित उक्त कार्यशालामा आर्थिक अनुसन्धान विभागका ३१ जना कर्मचारीको सहभागिता थियो।

यसै गरी, केन्द्रले असार ५ देखि ८ गतेसम्म पोखरामा 'Foreign Exchange Management' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो। उक्त तालिममा बैंकका विभिन्न विभाग/कार्यालयका ३२ जना कर्मचारीको सहभागिता थियो। उक्त तालिम नौ वटा सेसनमा सञ्चालन गरिएको थियो।

## वीरगञ्ज कार्यालयद्वारा तनाव व्यवस्थापन कार्यक्रम आयोजना




वीरगञ्ज कार्यालयले असार ४ गते आफ्ना कर्मचारीहरूका निम्ति बाराको कलैयामा तनाव व्यवस्थापन तथा योग शिविर कार्यक्रम आयोजना गऱ्यो।

सो अवसरमा पतञ्जली योग समिति, मधेश प्रदेशका सदस्य अरुणकुमार चौधरी र योग समिति, बाराका अध्यक्ष सुरेश साह, बारा जिल्ला महिला अध्यक्ष शिला साह, बारा क्षेत्र नं. ३ का अध्यक्ष गीतादेवी र प्रशिक्षक कश्यपकुमार श्रेष्ठले योगसम्बन्धी प्रशिक्षण दिनुभएको थियो।

दुई वटा सत्रमा सञ्चालित कार्यक्रमको पहिलो सत्रमा योग अभ्यास तथा प्राणायाम र दोस्रो सत्रमा मानव जीवनमा आयूर्वेद विज्ञानको महत्वबारे जानकारी दिइएको थियो। कार्यक्रममा वीरगञ्ज कार्यालयका ३५ जना कर्मचारीको सहभागिता थियो। सो अवसरमा वीरगञ्ज कार्यालयका निर्देशक राजनदेव भट्टराईले तनाव व्यवस्थापनमा योग अभ्यासको आवश्यकता र औचित्यबारे चर्चा गर्नुभयो। कार्यालयका सहायक निर्देशक श्यामसुन्दर प्रसाद केशरीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

## अवकाश

आन्तरिक लेखापरीक्षण विभागका कार्यालय सहयोगी (तृतीय) सानुमैयाँ बज्राचार्यले २०७९ असार १३ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ। उहाँले ५८ वर्षे उमेरहदका कारण अवकाश पाउनुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँको सुखद अवकाश जीवनको निम्त हार्दिक शुभकामना व्यक्त गर्दछ।

***प्रकाशक***

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

सूचना तथा सञ्चार समन्वय महाशाखा

बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०

इमेल : samachar@nrb.org.np,

वेबसाइट : www.nrb.org.np

***सम्पादक***

**डा. भागवत आचार्य**

***सम्पादन सहयोगी***

विद्या अधिकारी

लालकुमार सुवेदी

नवीना ताम्राकार